# नेपाल कम्युनिष्ट पार्टी (अमात्य) को

# चुनाव घोषणा पत्र

२०४८

सहयोग स्वरूप रु. २/-

नेपाल कम्युनिष्ट पार्टी (अमात्य)

(२००६)

को

# चुनाव घोषणा पत्र

३० वर्षपछिको पहिलो प्रजातान्त्रिक आम चुनावले नेपालको भविष्यको निम्ति एउटा जग हाल्दै छौं । हाम्रो अगाडि अनेकौं प्रश्नह खडा छन् ।

के हामीले यो चुनावको विरोध गरी, यसलाई बहिष्कार गर्ने हो ?

वा

यस चुनावमा भाग लिएर यसको सदुपयोग गरेर नेपलमा स्थापना हुन लागेको नवउपनिवेशवादी पूँजीवादी प्रजातन्त्रको चरित्र बदलेर यसको सट्टा जनवादी राष्ट्रिय

प्रजातन्त्र स्थापना गरेर नेपाल र नेपाली जनताको भविष्य निर्माणको निम्ति जग बसाल्ने हो ?

यो कुरो स्पष्ट छ कि वामपन्थीहरूले चुनावमा भाग नलिँदा प्रतिक्रियावादी शक्ति र पूँजीवादी शक्तिले नै यसको फाइदा उठाउने हो ।

भावी सरकार प्रतिक्रियावादीको शक्तिको हातमा नजाओस् भनेर यस चुनावमा भाग लिन करै लाग्छ ।

हो अवश्य यस चुनावमा पैसावालहरूको नै विशेष बोलवाला रहने छ । पैसाको भरमा चुनाव जित्न कसैले २५ करोडको थैली तयार गरेको छ भने कुनै पार्टीहरू खाली हातले लड्नु पर्ने स्थिति छ । आजको चुनाव सिद्धान्तको आधारमा होइन, पैसाको आधारमा हुन गईरहेको छ । पैसाको बलले जनतामा झूठा प्रचार गरेर, गुण्डागर्दी र मारपिट गरेर, रक्सी बाँटेर, भोज खुवाएर, सिद्धान्त र देशको भविष्य एक कुनामा फालेर महाभारतमा सकुनीले जुवा जिते झैं जसरी भए पनि चुनाव जित्ने र आफ्नो मन्त्रीमण्डल गठन गर्ने र पछि भ्रष्टाचार गरी अन्धाधुन्ध पैसा कमाउने लक्ष राखेर काम गरिराखेका छन् ।

आखिर यस्तो विशाल रकम आउँछ कहाँबाट ? आज बजार भाउ आकासिँदै छ यही ठूलठूला रकम जहाँबाट जम्मा हुन्छ, उनीहरूको स्वार्थ सेवा गर्नु पर्दा नै आजको यो महँगी आकासिँदै गईरहेको हो ।

फ्रुटीबारे धेरै अघिदेखि नराम्रो हल्ला चलिराखेको हो । फ्रुटीलाई अन्त शुल्क माफ गराउने काम सफल भएन । अब आएर यसको भाउ बढाउने काम भएको छ । आज सिमेन्टको भाउ बढेको छ । अझ विदेशी सिमेन्टको होडमा नेपालको दुई वटै सिमेन्ट कारखानाको ठूलो धक्का पुगेको छ । फ्रुटी प्रति पाकेट २ रुपैयाँ भाउ बढेको छ । फान्टाको भाउ १ रुपैयाँ बढेको छ । पञ्चायतको पालामा भित्र्याउन आँट नभएको पाम-आयल यसपाली सजिलैसँग भित्र्याइएको छ र यसको जिम्मा कृषि विभाग र उद्योग बाणिज्य विभाग दुई वटै संलग्न छन् भन्ने जनगुनासो छ । पञ्चायतले नदिएको शालको बिउको ठेक्का यसै सरकारले दिएको छ । यो देश कहाँ गइरहेछ भन्ने एउटा ठूलो चिन्ताको विषय बन्न गएको छ ।

यो अन्तरिम सरकारले लिएको नीति हो, विदेशी पूँजी भित्र्याउने, संयुक्त लगानी गर्ने, स्वतन्त्र होड र विदेशी ऋण लिने । यी चार वटै कुरोहरू हाम्रो देश र जनताको निम्ति कालकूट विष हुन् । यसले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा हाम्रो देश अर्काको नवउपनिवेशमा बदली दिनेछ र हामीलाई अर्काको गुलाम बनाई दिनेछ । विदेशी पूँजीले देशलाई कहाँ पुऱ्याउँछ भन्ने कुरो दक्षिण कोरिया थाइल्याण्डको आर्थिक, सामाजिक र

राजनीतिक स्थितिले स्पष्ट गर्दछ । संयुक्त लगानीको फल मोरङ्ग कटन मिल्स् र म्याग्नेसाइट खानी र कतिपय नेपाली सहभागीहरूले धोखा खाएको कारोबारहरूको इतिहासले स्पष्ट गर्दछ । स्वतन्त्र होड आजकल हाम्रो देशको सिमेन्ट कारखानाको स्थितिले नै स्पष्ट गर्छ । यस्तो नीति नी धनी पार्टीहरू जो करोडौंका मालिक छन् उसले कहिल्यै त्याग्न सक्ने छैनन् । उनीहरूलाई कहिल्यै मुक्त भएर आफ्नो देशको राजनीतिक तथा आर्थिक स्वतन्त्रताको निम्ति कदम चाल्न सक्ने छैन ।

विदेशी पूँजी भित्र्याएर र देशलाई ऋणमा दुबाएर देशको स्वतन्त्र आर्थिक विकास कहिल्यै हुन सक्दैन, देशको महँगाई कहिल्यै रोक्न सकिने छैन, देशको गरिबी र बेकारी कहिल्यै समाधान हुन सक्ने छैन, देश र जनता अर्काको गुलाम बनेर जिउनु पर्नेछ । यो भयंकर स्थिति आजको धनी पार्टीहरूले हाम्रो देशको अगाडि ठड्याई रहेका छन् । यस्तो पार्टीहरूले हाम्रो देशको जग्गा, जमिन, खानी, उद्योग र उद्यमहरू, व्यापार र ठेक्का पट्टामा दिइने निर्माण कार्यहरू अर्काको हातमा सुम्पन करै लाग्छ ।

यी पाँच वटा कुरोहरू नै हाम्रो अर्थ व्यवस्थाको मूल आधार भएको हुँदा यिनीहरू विदेशीको हातमा गएपछि हामीले अर्काको गुलामी गरेर खाने सिबाय अरू काम हाम्रो निम्ति बच्ने छैन ।

आज यी समस्याहरूको कसरी सामना गर्ने भन्ने सवालहरू हाम्रो अगाडि छन् ।

यिनै सारा कुनीति र कुरीतिले गर्दा हाम्रो देश विश्वमा सबैभन्दा पिछडिएर बस्नु परेको छ र यसैको फल हो कि हाम्रो देशको जनता विश्वको सबैभन्दा गरिब हालतमा पुगेको छ । हाम्रो राष्ट्रिय संस्कृतिको ऱ्हास भएर उपनिवेशवादी विदेशी संस्कृतिको जालमा हामी फस्न गएका छौं । हाम्रो युवकहरू देशप्रतिको जिम्मेवारीलाई महशुस गरी देश र जनताको भविष्य निर्माण हुने पेशालाई अंगाल्ने सट्टा जसरी भए पनि आम्दानी भए पुग्ने पेशामा लाग्नु पर्ने स्थिति तयार भएको छ ।

यी नारा कुरोहरूमा परिवर्तन गरेर हामीले एक नयाँ नेपालको निर्माण गर्नु परेको छ । छिटोभन्दा छिटो समयमा विश्वको विकसित मुलुकहरूको दाँजोमा पुग्नु परेको छ र हाम्रो देशको सम्पूर्ण जनताको जीवन सुखी, सम्पन्न र सुनिश्चित गर्नुपरेको छ एउटा उत्कृष्ट राज्य खडा गर्नु परेको छ, जुन राज्यमा कसैले दुःखको आँशु बहाउन नपरोस् ।

एकातिर हामीले देशलाई समुन्नत बनाउनु परेको छ भने अर्कातिर यो उन्नतिको फल सम्पूर्ण जनताले भोग गर्न पाउने स्थिति तयार गर्न परेको छ ।

## राजनीतिको सवालमा

आजको यो पूँजीवादी प्रजातन्त्रलाई जनवादी राष्ट्रिय प्रजातन्त्रमा बदल्नु हाम्रो तत्कालीक राजनीतिक कार्य हो जसको निम्ति

- व्यापक जनचेतना बढाएर उनीहरूलाई सुसंगठित गर्नु
- जनताको शिक्षा र संस्कृतिको स्तर उठाउनु
- सबैको निम्ति कामको ग्यारेण्टी गरी, आर्थिक रूपले निश्चिन्त बनाएर आफ्नो खर्चको निम्ति अर्काको मुख ताक्नु पर्ने स्थिति खतम गर्नु ।
- चुनाव खर्च सरकारले व्यहोर्नु र फाल्तु खर्च माथि प्रतिबन्ध लगाउनु
- हाल तत्काल आर्थिक समानता ल्याउन नसके पनि सबै जनताको निम्ति आर्थिक सुनिश्चितताको स्थिति तयार गर्नु ।
- अन्याय-अत्याचार र शोषण दमनको विरोधमा सचेत भएर सुसंगठित रूपले संघर्ष जारी राख्नु ।

इत्यादी तरिकाले नै यो थैलीको भरमा काम गर्ने पार्टीहरू माथि जनताको सही इच्छाको प्रतिनिधित्व गर्ने उम्मेदवारहरूले विजय प्राप्त गर्न सक्ने छन् र एउटा गरिब जनताले अथवा पार्टीले पनि जनताको सेवा गरी लोकप्रियता प्राप्त गरी चुनावमा विजय हासिल गरेर जनताप्रति बफादार व्यक्तिहरूको बाहुल्य संसद्मा पुऱ्याउन सकिनेछ ।

निश्चय पनि हाम्रो देश र जनतालाई विकास गर्ने बाटोमा विदेशी साम्राज्यवादीहरू र देशीय सामन्ती प्रतिक्रियावादी तत्वहरू हर बखत षड्यन्त्र गरिरहेकै हुन्छ र बेला मौकामा प्रतिक्रान्तिकारी प्रहार पनि उनीहरूबाट हुँदैन भनेर भन्न सकिन्न यसको निम्ति जनता हर बखत सचेत र आवश्यक परेमा हर स्थितिको सामना गर्न सकिने जुझारु रूपले सुसंगठित रहनु परेको छ । प्रतिक्रान्तिकारी शक्तिलाई हराउन सक्ने स्थिति हर बखत तयार रहनै पर्छ । यसले नै हामीले यस प्रजातन्त्रलाई जोगाएर यसको विकास गरी यसलाई जनवादी राष्ट्रिय प्रजातन्त्रको स्तरमा पुऱ्याउने र यसको पनि रक्षा गर्न सकिनेछ ।

## जनवादी राष्ट्रिय प्रजातन्त्र

साम्राज्यवादीहरू र विदेशी एकाधिकार पूँजीको ईशारामा बाँच्ने पूँजीवादीहरूको राज नभएर देशको सर्वहारा मजदूर, किसान, मध्यमवर्ग, राष्ट्रिय पूँजीपतिहरू, देशभक्त प्रगतिशील बुद्धिजीविहरूद्वारा संयुक्त रूपले शासन चलाउने राज बन्नेछ, जसको नेतृत्व सर्वहारा वर्गको पार्टी कम्युनिष्ट पार्टीले गर्नेछ, तर सबैको राय सल्लाहले एउटा साझा कार्यक्रम बनाएर देशलाई अगाडि बढाउनेछ । यसमा सही मानेमा प्रगतिशील र देशभक्त बुद्धिजीविहरूको उत्तिकै महत्वपूर्ण भूमिका रहनेछ ।

## आर्थिक सवालमा

आर्थिक विकास नै हाम्रो देशको पिछडापन र गरिबीलाई हटाउने मूल बाटो हो । औद्योगिक विकास आर्थिक विकासको मेरुदण्ड हो ।

हामीले साना र घरेलु उद्योगमा मात्र जोड दिएर आफ्नो देशलाई कदापि आर्थिक रूपले आत्मनिर्भर बनाउन सक्ने छैनौं । तसर्थ हामीलाई साना र घरेलु उद्योगहरूको साथै ठूलठूला भारी उद्योगहरू, मेशिन बनाउने मातृ उद्योगहरू, इञ्जिनियरिङ्ग कारखानाहरूको पनि जरुरत छ ।

आज हाम्रो देशको उद्योग र व्यापार राम्रो देशका नागरिकहरूको हातबाट खोसिँदै अर्काको हातमा पुगेको छ र अझ झन् झन् खोसिँदै गइरहेको छ र हाम्रो जनता देश निर्माणको कार्य गरी कमाउने सट्टा अर्काको सेवा गरी कमाउनु पर्ने स्थितिमा पुगेको छ ।

हाम्रो नीति हुनेछ देशको उद्योग र व्यापार हाम्रै देशको नागरिकहरूको हातमा रहोस् । ठेक्का पट्टामा दिइने निर्माण कार्यहरू पनि हाम्रै देशको जनताको हातबाट बाहिर नजाओस् । बरु उनीहरूलाई अझ कसरी कार्य कुशल बनाउने हो भन्ने कुरामो विशेष ध्यान दिइयोस् ।

खेत, खानी, उद्योग र उद्यमहरू, व्यापार र निर्माण कार्यहरू हाम्रो देशको हातबाट बाहिर जान नपाओस् । कारण यी पाँच वटा कुरोहरू नै हाम्रो अर्थ व्यवस्थाको मूल आधार हुन् ।

यसैकारण आफ्नो देशको नागरिकहरूद्वारा सञ्चालित उद्योग व्यापारको रक्षा गर्नु, उनीहरूद्वारा चलाइएका उद्योग, व्यापार उद्यमहरू विदेशी होडबाट बचाउनु, यसको सफलताको निम्ति गर्नु पर्ने सबै कार्य इमान्दारीपूर्वक लगनशील भएर गरी दिनु हाम्रो नीति रहने छ ।

हाम्रो देशको राष्ट्रिय पूँजीपतिहरूले २ नम्बरी धन्दा गर्ने सट्टा औद्योगिक विकास गरोस् र जनतालाई काम देओस् भन्ने पक्षमा हामी छौं । उनीहरूको उद्योगको सफलताको निम्ति चाहिने सस्तो ब्याजमा ऋण, कच्चापदार्थ, बजार र टेकनिक पुऱ्याउने काममा जनवादी राष्ट्रिय प्रजातान्त्रिक सरकारले हर बखत ध्यान दिनेछ ।

राष्ट्रिय पूँजीपतिहरूको व्यापार विदेशी पूँजीको होडबाट नष्ट नहोस्, हाम्रो राष्ट्रिय उद्योगहरू विदेशीको होडले गर्दा नष्ट नहोस् भन्ने कुरोमा जनवादी राष्ट्रिय प्रजातान्त्रिक सरकार हर बखत सजग र सतर्क रहनेछ ।

मध्यम वर्गको हातमा रहेको साना र घरेलु उद्योग र व्यापार अर्काको होडबाट बचाएर यसलाई विकास गर्ने कुरोमा हर बखत ध्यान दिनेछ । तर यतिले नै हाम्रो देश विकसित देशहरूको दाँजोमा पुग्न सक्दैन । यसको निम्ति हामीलाई उद्योगहरू चलाउने मेशिनहरू बनाउने मातृ उद्योगहरू, ट्याक्टरहरू जस्ता अनेकौं कृषि औजारहरू, कार, बस, ट्रक, जेनरेटर, ट्रान्सफर्मर, टिभी, टेलिफोन, मोटर साइकल, साईकल सबै कुरोहरूको जरुरत छ र ती कुरोहरू आफ्नै देशमा उत्पादन गर्न सक्ने कारखानाहरू स्थापना गर्नु परेको छ । अर्काको देशबाट मेशिनहरू मगाउँदै स्थापना हुने कारखानाले देशलाई आत्मनिर्भर बनाउन सक्ने छैन ।

हामीलाई देशको विकासको निम्ति २-४ वटा होइन, साना र ठूला गरेर हजारौं कारखानाहरूको जरुरत छ । यी कारखानाहरू सबका सब न त सरकारी स्तरमा खोलिन सक्ने छन्, न त निजी क्षेत्रमा खोलिन सक्नेछन् । निजी क्षेत्रले हाम्रो देशको आवश्यकताको एक अंश मात्र पूरा गर्न सक्नेछ । विशेष गरेर साना र घरेलु उद्योगहरू, आजकलका औद्योगिक क्षेत्रमा चल्ने हल्का कारखानाहरू चिनी, धागो र कपडा कारखानाहरू जस्ता हलुका कारखानाहरू नै निजी क्षेत्रमा हाम्रो राष्ट्रिय पूँजीपतिहरूले चलाउन सक्ने स्थितिमा छन् ।

सुरक्षाको अभावमा कतिपय राष्ट्रिय पूँजीपतिहरू उद्योग खोल्ने सट्टा व्यापारमा लाग्नु नै आफ्नो सुरक्षा सम्झन्छन् । यसै कारण राष्ट्रिय पूँजीपतिहरूद्वारा स्थापना हुने र सञ्चालन हुने कारखानाहरूलाई बचाउने र उनीहरूको नाफालाई एक हदसम्म ग्यारेण्टी गर्नु जरुरी छ । जनवादी राष्ट्रिय प्रजातान्त्रिक सरकारले राष्ट्रिय पूँजीपति वर्गबाट चलाइने उद्योगहरूमा एक चक्रमा (one turn over) मा ८ प्रतिशत नाफाको ग्यारेण्टी गर्ने र सालको २५ प्रतिशतसम्मको नाफा भन्दा बढी अरू नयाँ कारखानाहरू खोल्नमा वा मजदूरहरूको जीवन सुविधा पूर्ण बनाउनमा खर्च गर्ने र गराउने नीति लिनेछ ।

आज साँच्चै भन्ने हो भने हाम्रा राष्ट्रिय पूँजीपतिहरूबाट एउटा साईकल कारखानासम्म स्थापना गरेर चलाउन सक्ने स्थितिमा छैन । यस्तो स्थितिमा भारी उद्योगहरू, मातृ-उद्योगहरू र कार, बस, ट्राक्टर इत्यादी बनाउने मझौला कारखानाहरू सरकारी स्तरमा सार्वजनिक सम्पत्तिको रूपमा विकास गर्नु करै लाग्छ र देशको आर्थिक विकासको मेरुदण्ड सार्वजनिक उद्योगहरू नै बन्नेछ ।

यस्ता राष्ट्रिय उद्योगहरूको सफलताको निम्ति हामीलाई हजारौं योग्य र कार्यकुशल इमान्दार मेनेजरहरू र अरू दक्ष व्यक्तिहरूको जरुरत छ । यसको सफलताको निम्ति हामीले पूँजीवादी देशहरूबाट पनि कतिपय कुराहरू सिक्नु आवश्यक छ ।

सरकारी स्तरको राष्ट्रिय उद्योगहरू हामीलाई यस निम्ति पनि जरुरी छ कि यसको आम्दानीले हामीले देशको द्रूतगतिले विकास गर्न पूँजी निकाल्ने, बुढाबुढीहरूलाई भत्ता दिने, विद्यार्थीहरूलाई पढाई अनिवार्य र मुफ्त गर्ने र उनीहरूको किताब, कलम, खाना, कपडा इत्यादी खर्च पुऱ्याउने, जनताको औषधि उपचार मुफ्तमा गर्ने, सुत्केरी महिलाहरूलाई सहयोग गर्ने, लुला लङ्गडा र आपत विपद्मा परेकालाई सहयोग गर्ने, सबैलाई कामको ग्यारेण्टी गरी बेकारी समस्यालाई समूल नष्ट गर्ने, महँगाई रोक्ने र जनतालाई सुपथ मोलमा आवश्यक वस्तुहरू पुऱ्याउने सबै काम गर्नु परेको छ।

जति ज्यादा सार्वजनिक राष्ट्रिय उद्योग बन्ने छन्, उत्ति नै मात्रामा उपरोक्त कामहरूको निमित्त खर्च जुत्नेछ। यसैकारण हामी निजी क्षेत्रको उद्योगहरूलाई प्रोत्साहन गर्नको साथै सरकारी स्तरको राष्ट्रिय उद्योगहरू, सहयोगी उद्योगहरूमा पनि उत्तिकै जोड दिने गर्छौं र कुनै कुनै कारखाना सरकारी तथा निजी दुबैको संयुक्त लगानीमा पनि चलाइनेछ।

एक-आध ठूलठूला व्यापारहरू सरकारी स्तरमा पनि चलाउन सकिनेछ।

## विभिन्न पेशाका कलाकार र कालिगढहरू

नेपाललाई कृषि प्रधान देश भनिन्छ। तर यो कृषि प्रधान देश मात्र नभएर कला प्रधान देश पनि हो। आज नेपालको परिचय कृषिको निम्ति होइन कलाको निम्ति प्रख्यात छ। कला कै निम्ति पर्यटकहरू नेपाल आउँछन्। नेपालबाट अनेक कला सिक्नको निम्ति हजारौं वर्ष अघि चीनले अरनिकोको नेतृत्वमा ८० जना कलाकार कालिगढहरू चीन लगेका थिए। उनीहरूबाट नेपालको कला सिकेर लिएका थिए।

आज पुरानो कला ऱ्हासको स्थितिमा छ। हाम्रो कलाकारहरूलाई राम्रो सहयोग दिनसकेको खण्डमा नेपालले फेरी आफ्नो पुरानो गौरब फर्काएर ल्याउन सक्नेछ। कलाको उन्नतिले हाम्रो युवकहरूलाई काम दिने मात्र होइन, यसले नेपालको गौरवलाई पनि बढाउने छ।

हाम्रो देशको कालिगढहरूको मगज अति तिखो छ भन्ने कुरोमा कुनै शंका छैन। उनीहरूले तालिम पाएको खण्डमा उनीहरूबाट अनेक कुशल टेकनिसियन र इञ्जिनियरहरू निकाल्न सकिनेछ भने अर्कातिर उनीहरूलाई चाहिले मद्दत गरेर विश्वविख्यात कुशल कलाकारहरू पनि निक्लन सक्नेछ। हाम्रा देशका मूर्तिकार, चित्रकार, वास्तुकलाकार मात्र होइन, उनीहरूको साथै नकर्मी र विश्वकर्माहरू र सुवर्णकारहरू पनि उत्तिकै तीक्ष्ण बुद्धिका छन् र उनीहरूलाई पनि तालिम दिएर हाम्रो देशको औद्योगिक विकासको निम्ति कुशल टेक्निसियनहरू अवश्य निक्लने छन्।

उनीहरूको यथोचित तालिम गर्ने, उनीहरूको कामको सफलताको निम्ति सस्तो ब्याजमा बैंक ऋण, कच्चा मालको प्रबन्ध, बजारको प्रबन्ध र सहयोगी संस्थाहरू खोलेर उनीहरूको जीवन सुनिश्चित र सुखमय बनाउन सकिनेछ ।

हाम्रो देशको औद्योगिक विकासको निम्ति पनि कुशल कालिगढहरूलाई विशेष तालिम दिएर उनीहरूको सेवा उपलब्ध गराइन सकिन्छ ।

## मजदूर वर्गको समस्या

मजदूर वर्ग देशको सामाजिक विकासमा नेतृत्वदायी शक्ति हुन् । मजदूर वर्गलाई आजको यो पूँजीवादी समाजमा बोल्ने मेशिनको रूपमा व्यावहार गरिन्छ । मेशिन बिग्रियो भने बरु मालिकको चित्त दुख्छ, तर त्यसमा काम गर्ने मानिस मर्यो भने मालिकको निम्ति केही न केही । मजदूर वर्गलाई ज्यालादारी दासको रूपमा पनि व्यावहार गरिन्छ । मजदूरहरू काम नपाएर भोकै मर्यो अथवा रोग ग्रस्त भयो भने कसैलाई वास्ता हुँदैन । 'जनवादी राष्ट्रिय प्रजातन्त्र'को एक प्रमुख काम हुनेछ, सम्पूर्ण नेपाली जनताको साथै मजदूर वर्गले आफूलाई पनि आजसम्म चलिआएको सामन्ती तथा पूँजीवादी दासताबाट मुक्त गरेर देशको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा देशको मालिकको रूपमा स्थापना गर्ने ।

मजदूर वर्गको सरोकार आफ्नो केही तलब बढाई लिने र आफ्नै वर्गको एक आध सहुलियत प्राप्त गर्नु मात्र नभएर यो सामन्ती समाजलाई बदलेर पूँजीवादी समाजलाई नाघेर एक नयाँ समाजको निर्माण गर्नु मजदूर वर्गको जिम्मेवारी हो । जनवादी राष्ट्रिय प्रजातान्त्रिक सकार स्थापना गर्ने कामना नेतृत्व दिनु । जनवादी राष्ट्रिय प्रजातान्त्रिक सरकारले नै पहिलो पटक नेपालमा मजदूर वर्गलाई पनि समान हक प्राप्त देशको मालिक वर्गमा बदल्ने छ, काम गरी खाने साधनको मालिकको रूपमा स्थापना गर्नेछ र आफ्नो मात्र होइन राष्ट्रकै भाग्य निर्माणमा नेतृत्वलाई भूमिका खेल्ने कुरोमा जोड दिन्छ ।

यी कुरोहरू जनवादी राष्ट्रिय प्रजातान्त्रिक सरकार स्थापना गरेर हुने कुरो हो भने यस्तो सरकार खडा हुनु भन्दा अघि पनि मजदूर वर्गको सुख सुविधाको निम्ति नेपाल कम्युनिष्ट पार्टी (अमात्य) ले निम्न कुरोहरू पूरा गर्ने कुरोमा जोड दिन्छ ।

१. मजदूर वर्गलाई बोल्ने मेशिन अथवा ज्यालादारी दासको रूपमा व्यावहार गर्ने चलन बन्द गर्ने र गराउने ।
२. पञ्चायतकालमा बनेका मजदूर वर्ग सम्बन्धी काला कानुन खारेज गरी नयाँ मजदूर ऐन तथा नियमहरू बनाई मजदूर वर्गको हकहीत सम्मानको ग्यारेण्टी गर्ने र गराउने ।

३. एक स्वतन्त्र जाँच आयोग खडा गरी श्रम विभागका कर्मचारी तथा विभिन्न कारखानामा कार्यरत श्रम कल्याणकारी अधिकारीले हालसम्म आर्जन गरेको सम्पत्तिको जाँच गरी भ्रष्ट कर्मचारीलाई दण्डित गर्ने गराउने ।

४. २५ जना वा सोभन्दा बढी मजदूरले काम गर्ने कारखानाको सञ्चालक समितिमा एक तिहाई सदस्य मजदूरहरूद्वारा चुनेको प्रतिनिधि रहनेछ ।

५. मिलमा तालाबन्दी गर्न दिने कानुनी प्रावधानको अन्त्य गर्ने ।

६. मजदूरहरूको स्वास्थ्य रक्षा र उपचारको प्रबन्ध गर्ने ।

७. मजदूरहरूको कार्य समय दिनको ८ घण्टा र साप्ताहिक ४४ घण्टा तोकिनेछ ।

८. बिना जघन्य अपराध मजदूरहरूलाई कामबाट बर्खास्त गर्ने चलन खतम गर्ने ।

९. मजदूरहरूको छोराछोरीको माध्यमिक तथा उच्च माध्यमिक तहसम्मको पढाई अनिवार्य निःशुल्क गर्ने र उनीहरूको पढाई सिद्धिएपछि योग्यताअनुसार कामको प्रबन्ध गर्ने ।

१०. मजदूरहरूको निम्ति बसोबासको राम्रो प्रबन्ध गर्ने ।

११. कहीँ काम सुरु हुनुभन्दा पहिले मजदूरहरूको बसोबास, खाना, बिजुली, पानी इत्यादीको पहिले प्रबन्ध गर्ने ।

१२. अस्थायी नियुक्तिको चलन खतम गरिने छ । ४ महिना काम गरेपछि स्वतः स्थायी हुने प्रबन्ध मिलाइने छ ।

पटकै पिछे अस्थायी नियुक्त गरी सालौं साल अस्थायी मजदूर लगाएर काम गर्ने मिलहरू माथि कडा कारबाही हुनेछ ।

१३. मजदूरहरूमा कामको भेदभाव नगरी सबैलाई काम सिकाउने र अनुभव प्राप्त गर्ने मौका दिइने छ ।

१४. मजदूरहरूलाई सुपथ मोलमा अत्यावश्यक वस्तुहरूको राशनको प्रबन्ध गरिनेछ ।

१५. मजदूरहरूको उत्तरोत्तर विकासको निम्ति उनीहरूको पढाई र टेकनिकल ट्रेनिङ्गको प्रबन्ध गरिनेछ ।

१६. ठेला गाडि र रिक्सा चालक मजदूरहरूलाई आफ्नै ठेला अथवा रिक्सा किन्नको निम्ति सस्तो ब्याजमा ऋणको प्रबन्ध गरी दिनेछ ।

१७. मजदूरहरूको चौतर्फी विकासको निम्ति चाहिने हर कदम उठाइनेछ र मजदूरहरूमा आत्मविश्वास जगाइनेछ ।

१८. मजदूरहरूको ग्रेडिङ्ग र उपदान माथि हदबन्दी तोडी उपदान सम्बन्धी नयाँ नियम बनाइने छ ।

१९. मजदूरहरूको जायज अरू पनि मागहरूलाई पूरा गराउने कुरोमा यथोचित कदम उठाइनेछ ।

## कृषि समस्या

कृषि समस्याको दुई अङ्ग छन् । (क) कृषि उत्पादनमा वृद्धि । कृषि उत्पादन नै हाम्रो देशको पूँजीको श्रोत हो । जुन रकम हामीले विदेशी पूँजी भित्र्याएर, विदेशी ऋण लिएर

आशा गर्दछौं, यदि हामीले सही ढङ्गले खेती गर्छौं भने, त्यसको दशौं गुणा हामीले आफ्नो माटोबाट निकाल्न सक्छौं । हाम्रो देशमा दुई करोड एकड अर्थात करिब एक करोड विधा जमिन कृषि योग्य छ । अहिलेसम्म हाम्रो पहाडमा मकै, कोदो, फापर मात्र उब्जन्छ । हामीले यही पहाडमा अंगुर, अनार, स्याउ, चिया, कफि र विभिन्न मसालाहरू र जडिबुडीको बगानहरू बनाएर आम्दानी बढाउन सक्छौ । हामी अहिले धान कै रूपमा मात्र हिसाब गरौं । पानीको प्रबन्ध भएमा तराईको खेतमा पनि हामी काठमाडौं कै तुलनामा उब्जाउ बढाउन सक्छौं । काठमाडौंमा रोपनीमा ६ मुरी धान उब्जन्छ । सर्लाहीको एक जना किसानले आधा बिगाहामा रासायनिक खाद नहालीकन वर्षको ४५ मन भदई धान, ४५ मन अगहनी धान र ४५ सै मन गहुँ उब्जाउँछन् । यसरी प्रति बिगाहा १८० मुरी मन धान र ९० मन गहुँ निकाल्न सकिन्छ भन्ने कुरो सर्लाहीको मेहनती किसानले देखाएको छ ।

यस हिसाबले एक करोड बिगाहामा हाम्रो उत्पादन हुने भयो । १८० करोड मन धान ९० करोड मन गहुँ ।

दुई करोड जनतालाई खानलाई दिनको एक किलो हिसाबले दुई करोड किलो नै चाहियो र वर्षलाई चाहियो, ७३० करोड किलो अर्थात १८ करोड, २५ लाख मन धानको हामीले २० करोड मन धान कटाउँदा पनि १६० करोड मन धान र ९० करोड मन गहुँ बच्न सक्छ । यसलाई रुपैयाँमा बदल्दा १६० X १५० करोड + ९० X १२० = २४,००० करोड + १०,८०० करोड = ३४८ अर्ब रुपैयाँ हुन आउँछ । यसबाट ४८ अर्ब अन्य खर्चलाई पन्छाएर पनि ३०० अर्ब रुपैयाँ सालाना बच्दछ र यति ठूलो रकम कुनै विदेशी पूँजी अथवा विदेशी ऋण द्वारा पूरा हुन सक्दैन ।

स्पष्टतः आवश्यकता विदेशी पूँजी र विदेशी ऋणको होइन, आवश्यकता हो, ठोस अर्थनीतिको र ठोस संकल्पको ।

कृषि विकास गरेर एकातिर हामी औद्योगिक विकासको निम्ति कच्चा माल प्राप्त गर्दछौं भने कृषि विकासद्वारा किसानहरूको आम्दानी बढ्न जाँदा यसले उद्योगहरूमा उत्पादन भएका विभिन्न वस्तुहरूको निम्ति एक ब्यापक बजार पनि तयार गर्दछ । हाम्रो दुई करोड ६ लाख जनता हाम्रो उद्योगहरूको निम्ति एक ठूलो बजार हो ।

यसैकारण कृषि समस्याको अर्को अङ्ग हो (ख) किसानहरूमा व्याप्त गरिबी हटाएर उनीहरूको जीवन स्तरलाई उँचा उठाउने । हाम्रो देशको जनताको ९३ प्रतिशत किसानहरू नै हुन् । जबसम्म यो एक करोड ९१ लाख जनता गरिबी हालतमा रहने छन्, तबसम्म उद्योगहरूले आफ्नै देशभित्र व्यापक बजार पाउने छैन ।

यसैकारण कृषि विकासमा एकातिर खेतीको उत्पादन बढाउनु छ भने अर्कातिर किसानहरूको जीवन पनि उकास्न जरुरी छ । जनतालाई शोषित-पीडित र दलित हालतमा राखेर कदापि औद्योगिक विकास हुन सक्दैन । यसैकारण यी तीन कुरोबाट किसानहरूलाई मुक्त गर्न सामन्ती व्यवस्थलाई तोडेर खेती गरेर खाने किसानहरूलाई जमिनको मालिक बनाउनै पर्छ । सामन्तहरूको जमिन उनीहरूको परिवार पाल्नसम्मको हदबन्दी गरी बाँकी जमिन किसानहरूमा वितरण गर्नुपर्छ र यस्तो हदबन्दी कम गरेर निक्लेको जमिन सुकुमबासी खेतहीन किसानहरू तथा गरिब किसानहरूमा बाँड्नु पर्छ । यस्तै नाबालक, बुढाबुढी, लुला लङ्गडा, बिरामी अथवा सानातिना नोकरी अथवा व्यापारी र मध्यम वर्गहरूको जमिन पनि किसानमा दिनु पर्छ भन्ने होइन ।

जब देशमा औद्योगिक विकास गरी सबैको निम्ति कामको ग्यारेण्टी हुन्छ र बुढाबुढी, लुला लङ्गडा र बिरामीको निम्ति भत्ताको इन्तजाम गरी सक्नेछ र बालक बालिकाहरूको निम्ति सरकारद्वारा पढाई लेखाई खाना, कपडा, किताब, कलमको इन्तजाम भई सक्छ, त्यसपछि नाबालक होस् वा बुढाबुढी, लुला लङ्गडा र मध्यम वर्गहरूको जमिन पनि लिएर किसानहरूलाई दिन सकिन्छ ।

किसानहरूको जीवन खेतीमा मात्र होइन, उद्योगहरूको विकासमा पनि निर्भर गर्दछ । कारण किसानहरूको सन्तान बढेर आउँछ, तर खेतले सन्तान जन्माउँदैन । आजको धनी किसान एक दुई पुस्तामा गरिब भएर जान्छ । जति जति उद्योगहरू बढ्नेछ किसानका सन्तानहरूले कारखानाहरूमा काम पाउँछन् र खेतमा किसान जनताको चाप कम हुँदै जान्छ र पछि गएर एक-एक किसानको हातमा बढीभन्दा बढी जमिन प्राप्त हुन थाल्छ र यसरी नै किसानहरूको आम्दानी बढी उनीहरूको समस्या सदाको निम्ति सुनिश्चित भई जानेछ ।

यसकारण जनवादी राष्ट्रिय प्रजातान्त्रिक सरकारले एकातिर वैज्ञानिक खेतीद्वारा कृषि उत्पादन बढाउने कुरोको व्यवस्था गर्नेछ भने अर्कातिर सामन्ती व्यवस्था तोडेर किसानहरूलाई जमिनको मालिक बनाउने छ र औद्योगिक विकास गरी खेतमा किसानहरूको चाप घटाएर उनीहरूको जीवनस्तर बढाउनेछ ।

## किसान समस्याको समाधान

नेपालको भौगोलिक स्थितिले गर्दा तीन ठाउँमा तीत प्रकारको किसान समस्या पाइन्छ ।

(क) उपत्यका
(ख) पहाडी प्रदेश
(ग) तराई प्रदेश

## उपत्यकाको किसान समस्या

एक समय थियो काठमाडौं उपत्यकाको जमिनले त्यहाँको जनताको निम्ति त्यहीँ कै जमिनले खाद्यान्न पुग्थ्यो अब त्यो स्थिति छैन ।

उपत्यका खास गरी काठमाडौं उपत्यकाको जमिन आज विभिन्न कारणले छोप्दै कम भएर गईरहेको छ । आज किसानहरूको निम्ति जमिन पुग हुन गइरहेको छ र उनीहरूमा बेकारी समस्या व्याप्त छ । जसको जोत उसको पोतले पनि किसानहरूको समस्या स्थायी रूपले समाधान हुन सक्दैन । कारण ५-१० रोपनी जमिन तलसिंको हातबाट किसानलाई दिए पनि, यत्तिकै जमिनले मात्र किसानहरूको जीवन सदाको लागि सुरक्षित रहन सक्दैन ।

सामाजिक सुरक्षाको प्रबन्ध गरेर सबैको निम्ति जीवन यापनको काम ग्यारेण्टी गरेर अथवा एक हदसम्म जग्गा भएका जग्गाधनीलाई उचित मूआब्जा दिएर जसको जोत उसको पोत भन्ने नारा व्यावहारमा ल्याउन सकिनेछ । साथै यो कुरो पनि विचारणीय छ कि जसको जोत उसको पोतले केही धनी किसानहरूलाई केही समयको निम्ति फाइदा गरे पनि यसले उनीहरूको जीवन सधैँभरी सुखी बनाउने छैन । कारण जसको जोत उसको पोतले गर्दा किसानले २४ रोपनी जग्गा पाए । १०-२० वर्षमा त्यस किसानको सन्तान बढेर ठूलो भएर अलग बसेपछि त्यस घरमा चार छोरा भएमा अब एक छोराको परिवारलाई ६ रोपनी जग्गा मात्र पुग्न जान्छ । त्यसको पनि अर्को पुस्तामा दुई रोपनी जग्गा हुन जान्छ र त्यसपछिको पुस्ता अलपत्र परेर जान्छ । तसर्थ जसको जोत उसको पोतले किसानहरूको समस्यालाई स्थायी रूपले समाधान गर्न सक्दैन र एक दुई पुस्तामा आजको धनी किसानको सन्तान गरिब किसानमा बदलिन्छ । तसर्थ उपत्यकाको किसान समस्याको समाधान देशमा उद्योग र उद्यमहरू खोलेर किसानहरूलाई शिक्षा दिएर अनेक कामको तालिम दिएर विभिन्न उद्योगहरू र उद्यमीहरूमा उनीहरूको योग्यताअनुसार काम दिएर नै सदाको निम्ति किसानहरूको समस्या समाधान भएर जानेछ । यस दिशामा ध्यान नदिएर एकोहोरो जसको जोत उसको पोतको नाराले किसानहरूलाई अन्तत्वगत्वा धोखा नै दिनेछ । किसानहरूको समस्या जमिनसँग मात्र सम्बन्धित सवाल नभएर देशको औद्योगिक विकाससँग सम्बन्धित सवाल हो । आज देश विकासको निम्ति मजदूरहरू, किसानहरू, मध्यम वर्गहरू, राष्ट्रिय पूँजीपतिहरू, बुद्धिजीविहरू सबै एक भएर अगाडि बढ्नु परेको छ । यस एकतालाई भङ्ग गरेर आपसी मनमुटाव पैदा गरेर देश विकास होइन, नाश हुनेछ । यसैकारण जसको जोत उसको पोतको नारा सबैको राय सल्लाहले होशियारको साथ अगाडि बढाउन परेको छ, ताकि आपसमा तनाउ र मनमुटाव पैदा नहोस् । फेरी पनि बुढाबुढी, नाबालक, लुला लङ्गडा, बिरामी र सानातिना व्यापारी र जागिरदारहरूको समस्यालाई हेरेरै यो काम अगाडि बढाउनु परेको छ । यसैकारण हाम्रो योजना हो ।

(अ) देशमा छिटोभन्दा छिटो औद्योगिक विकास गर्नु ।

(आ) सामाजिक सुरक्षाको प्रबन्ध गर्नु ।

यी दुई वटा कुरोहरू मिलाएर क्रमिक रूपले जसको जोत उसको पोत गर्नु र मध्यम वर्गलाई यसको निम्ति मूआब्जाको प्रबन्ध गर्नु ।

अब अर्को समस्या हो भएको जमिनमा उत्पादन वृद्धि गर्नु यसको निम्ति

(क) बाँध पैनको इन्तजाम गर्नु ।

(ख) समयमा रासायनिक मलको इन्तजाम गर्नु ।

(ग) कम्पोष्ट मललाई प्रोत्साहन गर्नु ।

(घ) पशुपालन, कुखुरा पालन र मत्स्य पालनलाई बढावा दिनु । उनीहरूलाई सस्तो ब्याजमा ऋण उपलब्ध गराउनु आफूले राम्रो स्याहार सम्हार गरेर पनि दैवी प्रकोप वा अरू कारणले पशुपंक्षी वा माछा मर्न गएमा उनीहरूको ऋण मिनाहा गरेर, नयाँ ऋणको प्रबन्ध गरी दिनु ।

पशुपालनको निम्ति चरणहरूको इन्तजाम गर्नु, ताकि ती गाई भैंसी बाख्राले अर्काको बाली नाश गर्न नपाओस् ।

(ङ) किसानहरूलाई टेकनिकल ट्रेनिङ्गको इन्तजाम गरेर दक्ष टेकनिसियन बनाउनु ।

(च) गरिब किसानहरूको छोराछोरीको निम्ति निःशुल्क शिक्षाको प्रबन्ध गर्नु ।

(छ) गरिब किसानहरूको निम्ति मुफ्त स्वास्थ्योपचारको प्रबन्ध गर्नु । उनीहरूको निम्ति अस्पताल र औषधि खर्च मुफ्तमा मिलाइ दिनु ।

उपत्यकामा माध्यम वर्गहरू पनि छन् । उनीहरूको निम्ति पनि

(क) उनीहरूको आर्थिक स्थिति हेरी साना र घरेलु उद्योग, कलात्मक, उद्योगहरूको प्रबन्ध गर्नु र

(ख) यो कामहरूको सफलताको निम्ति सस्तो ऋण, कच्चा माल र बजारको प्रबन्ध गर्नु ।

(ग) उनीहरूको उद्योग व्यापार विदेशी पूँजीको होडबाट बचाउनु ।

(घ) आर्थिक स्थिति कमजोर भएकाहरूको शिक्षा मुफ्त गर्नु ।

(ङ) मुफ्त स्वास्थ्योपचारको प्रबन्ध गर्नु ।

किसान होस् वा मध्यम वर्ग समस्या एउटै हो । एउटै डुङ्गाको यात्री हुन् । डुङ्गा डुब्यो भने दुईटै डुब्ने छन् । तसर्थ दुबैमा सद्भावना राखेर देश विकास गर्ने र नयाँ नेपाल बनाउने कुरोमा मेलमिलाप गरेर अगाडि बढ्नु जरुरी छ ।

- दुबै थरिलाई उद्योग र उद्यमहरूको विकास गरी बेकारी समस्याको समाधान गर्नु र सामाजिक सुरक्षाको इन्तजाम गर्नु ।

- किसानहरूले जोतेको जमिनमा एक तिहाई मोहियानी हक कायम राख्नु ।
- पहाडी इलाकामा फलफूल खेती, चिया बगान, कफि बगानको इत्यादीको प्रोत्साहन गर्नु । यो काम मध्यम वर्ग र किसानहरू दुबैले गर्न सक्नेछन् ।

## पहाडी क्षेत्रको किसान समस्या

पश्चिम पहाडतिर अझ पनि सामन्तहरूले ठूलठूला चक्ला जमिनहरू बोगटेर बसेका छन् । ती सामन्तहरूको चरित्र अझ पनि राणाशाही कै पालोमा जस्तो खुँखार छन् । डकैटी र ज्यान मार्ने काम उनीहरूबाट भई नै रहन्छ ।

तसर्थ यी सामन्तहरूको जमिन कडाईका साथ हदबन्दी लागू गरी किसानहरूमा जमिन वितरण गर्नु आवश्यक छ ।

ती पहाडमा कसरी पानीको इन्तजामको गर्ने हो र त्यहाँको हावापानी हेरेर कुन प्रकारको खेती त्यहाँ योग्य छ । सो प्रकारको खेती गर्ने कुरा सिकाएर किसानहरूको जीवन स्तर बढाउनु आवश्यक छ : त्यहाँ फलफूल बगान इत्यादीको सम्भावना छ । तर यातायातको सुविधाको अभावले फलेको फल त्यहीँ नाश भएर जान्छ । यसै निम्ति पश्चिम पहाडी क्षेत्रमा सडकको निर्माण, बिजुलीको प्रशारण गरी रोपवे यातायातको प्रबन्ध गर्नु अति आवश्यक छ । देवदाशीहरू देवकीहरूलाई मन्दिरको दासताबाट मुक्त गरेर इज्जतपूर्ण आर्थिक काममा लगाउनु जरुरी छ ।

त्यहाँको सामन्तहरूले पनि पुरानो सामन्ती बानी र तौर तरिका छोडी देशको कृषि बगान र औद्योगिक विकासमा लाग्नु जरुरी छ र जनतामाथिको शोषण दमन त्याग्नु जरुरी छ र छोडाउनु परेको छ ।

पूर्वी पहाडी भेगमा पनि बचे खुचेका सामन्ती जमिन कब्जा गरी किसानहरूमा वितरण गर्नु परेको छ ।

(क) पूर्व र पश्चिम दुबै तिरको अर्थात पूरै पहाडी क्षेत्रमा जडिबुडीको बगान, फलफूल बगान, चिया र कफि बगान, भेडा पालन इत्यादीको सम्भावनाको साथै ती पहाडभित्र अनेक खानीहरू लुकेका छन् ।

तर यी सबै कार्य विदेशी पूँजी भित्र्याएर होइन, स्वदेशी सम्पत्तिको रूपमा विकास गर्नाले नै देशको अर्थ व्यवस्थाले स्वतन्त्र रूपले अगाडि बढ्न सक्नेछ ।

(ख) पानीको प्रबन्ध, बिजुलीको प्रबन्ध र यातायातको प्रबन्ध । गरिब किसानहरूको छोराछोरीको निम्ति मुफ्त शिक्षाको प्रबन्ध, मुफ्त स्वास्थ्यको प्रबन्ध गर्नु पनि उत्तिकै जरुरत छ ।
(ग) पहाडी क्षेत्रमा किसानहरू छरिएर बसुञ्जेल किसानहरूको सामाजिक विकास गर्न र उनीहरूको सुख, सुविधा बढाउने काम सफलताका साथ गर्न सकिन्न ।

साथै पहिरोले बराबर किसानहरूको जीवन संकटमा पार्ने काम भई नै रहन्छ ।

यसैकारण पहाडमा छरिएर बसेका किसानहरूलाई सुरक्षित ठाउँमा बसोबास गराएर गाउँ बसाल्न जरुरी छ । यसरी नै उनीहरूलाई पहिरोबाट बचाउन सकिनेछ, बिजुलीको इन्तजाम हुनेछ, केटाकेटीको निम्ति उही बस्तिमा ईस्कूलहरू, अस्पताल, हेल्थ पोष्टको इन्तजाम गर्न सकिन्छ । यातायातको सुविधा दिन सकिन्छ । गाउँलाई शहरमा बदलौं शहरमा पाइने सबै सुविधाहरू दिन सकिन्छ ।

## तराई किसान समस्या

तराईको सामन्ती जमिनमा हदबन्दी कम गरी निक्लेको जमिन खेतहीन सुकुमबासी किसान र गरिब किसानहरूमा वितरण गर्नु आवशयक छ । पर्ति जमिन खेतहीन र गरिब किसानमा वितरण गर्ने अथवा गाई भैंसीको चरणको रूपमा काम लिने गर्न सकिन्छ ।

सुकुमबासीहरूलाई बसेको ठाउँबाट उठाइने छैन, जबसम्म उनीहरूको निम्ति अन्त राम्रो बसोबासको प्रबनध हुँदैन र उनीहरूको निम्ति कामको प्रबन्ध मिलाईंदैन ।

जमिनले मात्र सम्पूर्ण किसानहरूको समस्या समाधान हुन सक्ने छैन । यसैकारण बढी जनताको निम्ति ग्राम-उद्योगहरू, कृषि-औजार कारखानाहरू पशुपालन, पंक्षी पालन, माछा पालन इत्यादीको कामको प्रबन्ध गरेर काम दिन सकिन्छ साथै साना ठूला सबै प्रकारका उद्योगहरू खोलेर बढी जनतालाई काम दिनु आवश्यक छ ।

औद्योगिक विकास गरेर नै सम्पूर्ण जनतालाई कामको प्रबन्ध गर्न सकिनेछ । यसैकारण औद्योगिक विकास किसान समस्या समाधान गर्ने एक महत्वपूर्ण अङ्ग हो ।

एकातिर कृषि विकास औद्योगिक विकासको एउटा महत्वपूर्ण अङ्ग हो । उद्योगको निम्ति कच्चा माल र तयारी सामानको निम्ति व्यापक बजार कृषि विकासले नै दिनेछ ।

देशलाई विकसित देशहरूको दाँजोमा पुर्‍याउने हो भने २५ लाख भन्दा बढी किसान कृषिमा दिन सकिन्न । उद्योगहरू, उद्यमहरू र व्यापारको वृद्धि गरेर जमिन माथि

किसानहरको भागमा खेतहरूको क्षेत्रफल बढ्दै जानेछ, किसानहरूको जीवन स्तर उचा उठ्दै जानेछ ।

एउटै किसानले ज्यादा भन्दा ज्यादा खेती गर्न सक्ने तुल्याउनको निम्ति मेशिनीकरण र राशायनीकरण गर्न अति आवश्यक छ । मेशिनीकरण गरेर नै एउटा किसानले धेरै खते जोत्न, काट्न इत्यादी काम गर्न सक्नेछ ।

देश विकासको निम्ति जसरी उद्योग र उद्यमहरूको विकास जरुरी छ उस्तै वैज्ञानिक खेतीद्वारा कृषि उत्पादनलाई बढाउन पनि जरुरी छ । पानीको प्रबन्ध गरी काठमाडौंको टेकनिक मात्र अपनाए पनि तराईको जमिनमा बिगाहामा सालको २०० भन भन्दा बढी उब्जाउन सकिनेछ र यही उब्जा नै हाम्रो देश विकासको निम्ति एक ठूलो आर्थिक श्रोत बन्नेछ ।

यसै निम्ति :

- सामन्ती जमिनमा हदबन्दी कम गरेर किसानलाई जमिन दिने ।
- जोत्ने किसानहरूलाई क्रमिक रूपले सम्पूर्ण खेती योग्य जमिनको मालिक बनाउने ।
- वैज्ञानिक खेतीद्वारा उत्पादन बढाउने ।
- खेतमा मेशिनीकरण र राशायनीकरण गरेर एउटै किसानले धेरै खेत जोत्न सक्नेछ ।
- औद्योगिक विकास गरी जमिनमा किसानहरूको चाप घटाएर एउटै किसानको हातमा धेरै जमिन दिने ।
- नहर, बाँध पैन र मल खादको प्रबन्ध गर्ने इत्यादी काम जनवादी राष्ट्रिय प्रजातान्त्रिक सरकारले गर्नेछ ।
- पहाडी क्षेत्रमा छरिएर बसेका किसानहरूलाई सुरक्षित ठाउँमा बसोबास गराएर गाउँ बस्तिको प्रबन्ध गर्ने ।
- गाउँ बस्तिलाई शहरमा बदलेर झोपडीहरूको सट्टा पक्का मकान खडा गर्ने । ती बस्तिहरूमा बिजुली, पानीको प्रबन्ध गर्ने ।
- किसान बस्तिसम्म पक्की सडक बनाएर यातायातको सुविधा प्रदान गर्ने ।
- केटाकेटीहरूको निम्ति खेल मैदानहरूको प्रबन्ध गर्ने कार्य गरिनेछ ।

उपरोक्त कामहरू मध्ये कुनै काम तत्काल गर्न सकिनेछ भने कुनै काम १०-२० वर्षको अवधि लिएर क्रमशः पूरा गरिनेछ र शहरी जीवन र किसानहरूको बस्तिको जीवनमा देखा परेका फरकहरू मेटाएर पठाइनेछ ।

एक-एक काम सबैले गर्नेछ तर जीवनको सुख-सुविधान सबैले पाउनेछ ।

तराई र पहाडी जनता खास गरी पहाडको र शहरी जनताको बीच जे जस्तो भेदभाव छ, सबै मेटाएर पठाउनेछ । राष्ट्रिय स्वतन्त्रता, अखण्डतामा आँच नआउने गरी स्वायत्तताको प्रबन्ध गरिनेछ ।

## दलित जातिहरूको समस्या

हजारौं वर्षको सामन्ती प्रथाले मानिस-मानिसमा भेद गरी एकले अर्का माथि शोषण दमन गर्ने चलन चले । आदिकालमा जाति प्रथा थिएन । सबै एउटै जात र एउटै कूलका थिए । तसर्थ उपनिषदहरूमा जातको कुरा कहीँ आउँदैन । हाम्रो ऋषिहरूको नजरमा सबै 'ब्रम्हा' हुन् । 'निर्दोषोहि समम् ब्रम्हा' सबै ब्रम्हा हुन्, बराबर हुन् र यसमा कुनै दोष छैन । भनेर गीताले भनेर गए । सारा मानिसको हृदयमा ईश्वरको बास छ भनेर गीताले भनेर गए । कृष्णको भनाई छ, 'ज्ञान भन्दा पवित्र अरू कुनै कुरो छैन' ज्ञान प्राप्त गरेको मानिसले एक मान्छ र अर्को मान्छेको बीचमा कुनै भेद गर्दैन । अज्ञानताबस नै मान्छेले मान्छेलाई हेला गर्ने गर्छन् । हजारौं वर्षदेखि मान्छेको दिलमा रोपेको त्यो अज्ञानताको विष एकै दिनमा नाश हुँदैन ।

मानिसमा ज्ञान प्रसार गरेर नै यो भेदभाव मेटिनेछ । हिन्दू धर्मको मूल आधार उपनिषदहरू, श्रीमद्भागवत गीताको अध्ययन, बौद्ध धर्मको प्रज्ञा पारमिता इत्यादीको अध्ययनले मानिसले मानिस माथि गरिने हेला पूर्ण व्यवहार खतम हुनेछ र मानिस मानिसको बीच प्रेम, सद्भावना, मैत्री, दया, करुणा, बढेर एकले अर्को माथि सद्व्यावहार हुन सक्नेछ ।

जनवादी राष्ट्रिय प्रजातन्त्रले मानिस मानिसको बीच सद्भावना पूर्ण व्यावहार गर्ने चलन बसालिनेछ । यो कार्य जबर्जस्ति होइन मानिसमा ज्ञानको प्रसार गरी गर्नेछ ।

दलित जातिहरू आज जो अति पिछडिएको हालतमा छन् । उनीहरूको राजनीतिक समानताको साथै उनीहरूको आर्थिक समुन्नति र सांस्कृतिक विकासमा जोड दिइने छ । उनीहरूमा शिक्षा प्रसारको साथै कामको ग्यारेण्टी गर्ने काम गरिनेछ ।

जति जति शिक्षा प्रसार हुनेछ, जति जति औद्योगिक विकास हुनेछ, दलित जाति प्रतिको दुर्व्यहार खतम भएर जानेछ र उनीहरूको पिछडापन पनि हटेर जानेछ ।

जनवादी राष्ट्रिय प्रजातन्त्रले मानिस र मानिसको बीचको भेदभाव मेट्नेछ । दलित जातिहरू नै आज आर्थिक रूपले सबैभन्दा शोषित छन् भने सांस्कृतिक रूपले सबैभन्दा पिछडिएको छ । उनीहरूको बीचमा गएर समाज सुधार आन्दोलन पनि उत्तिकै जरुरत छ । उनीहरूको आर्थिक स्थितिलाई हेरेर उनीहरूको केटाकेटीलाई कम से कम ११ अथवा १२ क्लाससम्म शिक्षा मुफ्त र अनिवार्य गर्नुपर्छ । यो अनिवार्य शिक्षा कानुनले मात्र होइन

उनीहरूलाई किताब, कलम, लुगा फाटो र पौष्टिक खाना खर्चसमेत पुऱ्याएर मात्र यो अनिवार्य शिक्षा लागू गर्न सकिनेछ । सामन्ती प्रथाले गर्दा कतिपय दलित जातिलाई मरेको पशुपंक्षी, श्राद्धको पिण्ड र भोजको जूठो पूरो ख्वाउने चलन छ । यो प्रथा बिलकुल खतम गरेर उनीहरूले पनि सफा शुद्ध र पौष्टिक खाना खान पाओस् भनेर नयाँ नियम र नयाँ व्यवस्था गरिनेछ ।

दलित जातिलाई कामको ग्यारेण्टी गरिनेछ ।

## जनजातिको समस्या

जनजातिहरूको पनि हजारौं वर्षको सामन्ती शोषण र दमन, उनीहरूको जीवनप्रति लापर्बाहीले गर्दा धेरै पिछ्दिन गएको छ । उनीहरूको उत्थानको निम्ति :

- शिक्षा प्रचार
- कामको ग्यारेण्टी
- सांस्कृतिक कार्य
- भाषाको उत्थान र भाषालाई समानता इत्यादी

सबै कुरोहरूमा ध्यान दिइनेछ । यिनीहरूमा जो गरिब हालतमा छन् कम से कम ११-१२ क्लाससम्म शिक्षा नि:शुल्क र अनिवार्य गरिनेछ । यसको निम्ति जनजातिका केटाकेटीहरूको पढाई सुचारु रूपले चलोस् भनेर उनीहरूको निम्ति किताब, कलम, कपडा लट्टा र पौष्टिक खानाको इन्तजाम गरिने छ ।

यसको निम्ति जनजातिहरूको नेतृत्वलाई प्रतिनिधिहरूसँग सरसल्लाह लिएर क्रमिक रूपले उनीहरूलाई अगाडि बढाईनेछ ।

विभिन्न जनजातिहरूमा राजनीतिक चेतना बढाएर, शिक्षित गरेर उनीहरूबाट सुयोग्य राष्ट्रिय नेताहरूको विकासमा उत्तिकै ध्यान दिएर काम गर्ने छ ।

यो कार्य हाम्रो पार्टीले निरन्तर गर्दै आएको छ र जनजातिका नेताहरूलाई पार्टीभित्र प्रोत्साहन गर्दै आएको छ ।

नेपालको कुनै जाति भन्दा कम नहोस् भन्ने कुरोमा हाम्रो पार्टीले हर बखत ध्यान दिई काम गर्नेछ ।

## महिलाहरू

महिलाहरूलाई हर क्षेत्रमा पुरुष सरह अधिकार दिइनेछ । महिला स्वतन्त्रताको मतलब नैतिक पतन हुनु होइन । महिलाहरूले पनि विकास गरेर पुरुष सरह हरेक क्षेत्र वा पदमा पुरुष सरहर भागिदार हुन पाउने व्यवस्था गर्नु हो । उनीहरूलाई घरेलु धन्दाबाट मुक्त गर्ने बाटो निकाल्नु पनि उत्तिकै जरुरत छ । घरेलु धन्दाबाट मुक्त गर्नु भनेको भातै नपकाउनु भनेको होइन । आधुनिक टेकनिकको प्रयोग गरी घरेलु कामको बोझ धेरै कम गर्न सकिनेछ ।

## धर्म

मानिसको जीवन भौतिक उन्नति गरेर मात्र पुग्दैन । कुनै देश वा जातिमा भौतिक जीवन मात्र उन्नति हुन्छ, उनीहरूमा खास दर्शनले मार्ग दर्शन गराइएन भने उनीहरूको जीवन यान्त्रिक भएर उनीहरूमा आफैं खाउँ आफैं लाउँ भन्ने स्वार्थ पूर्ण अशुर प्रवृत्तिको विकास हुनेछ । नैतिकता भन्ने कुरो कुन चिडियाको नाउँ हो भन्न थाल्छ । मानिस मानिसको बीच मैत्री, करुणा, दया सारा लोप भएर जानेछ । नैतिकताको अभावमा नै अमेरिकामा एड्स रोग छिटो छिटो फैलिएर गएको हो । मिनेट-मिनेटमा चोरी, डकैटी, अपहरण र ज्यान मार्ने काम हुन गएको हो ।

हामीलाई भौतिक उन्नतिको साथै नैतिक उन्नति पनि जरुरत छ । मानिसको जीवनमा दर्शन, राजनीति, अर्थ नीति तिनै थोक चाहिन्छ । मार्क्सवादले ३ वटै कुरोहरूमा जोड दिएको हो । तर कतिपय आफूलाई मार्क्सवादी भन्नेहरूले द्वन्द्वात्मक भौतिकवादलाई पक्रने सट्टा यान्त्रिक भौतिकवादलाई पक्री मनपरी गर्ने गर्छन्, नैतिकतासँग कुनै सरोकार राख्दैनन् । राजनीति भनेको जसरी भए पनि आफ्नो हात माथि पार्ने भन्ने सम्झन्छन्, न्याय-इन्साफ विवेक केही रहन जाँदैन ।

धर्मको मूल आधार दर्शन हो, ज्ञान हो ।

तर आज विभिन्न धर्महरू मानिसको जीवनमा मार्ग दर्शन गर्ने “दर्शन” बाट टाढा एउटा औपचारिकतामा मात्र बाँधिन गएको छ । धर्मको नाउँमा एक धर्मावलम्बी अर्को धर्मावलम्बीसँग लडाई दिने, आपसमा वैमनस्यता फैलाउने र आफ्नो स्वार्थ सिद्ध गर्ने काम हुँदैछ । यस्तो कार्य कर्म होइन अधर्म हो ।

मानिसले सही धर्म पक्रोस् अथवा कृष्ण, बुद्ध चाहे जस्तो धर्म भन्दा माथि उठोस् । त्यस्तो मानिसले धर्मको नाउँ नलिए पनि आफ्नो कर्तव्यपथबाट कहिल्यै विचलित हुँदैन ।

बुद्धको शिक्षा हो, “धर्म नैर त्म्य” । कृषण्को भनाई हो ‘सत्व, रज र तम तीनवटै धर्मभन्दा माथि उठेर काम गर्ने ।’

जनवादी राष्ट्रिय प्रजातन्त्रले कुनै धर्मलाई सानो वा ठूलो सम्भन्दैन । कुनै धर्ममा बाधा दिँदैन, तर धर्मको मर्म बुझेर सबैले काम गरोस् भन्ने चाहन्छ, मानिस-मानिसको बीच मैत्री, करुणा, दया र सद्भावना रहोस् र भौतिक पदार्थको विकासको साथै नैतिक क्षेत्रमा पनि विकास गरोस् भन्ने चाहन्छ । हिन्दू, बौद्ध, इश्लाम र इसाई सबैलाई बराबर व्यावहार गरिनेछ ।

## बुद्धिजीविहरू

मजदूर-किसान र अन्य श्रमिक जनता देशको निर्माण शक्ति हो भने बुद्धिजीविहरू देश निर्माणको निम्ति ‘मगज’ हो । मगज फेरी पनि यो कहिले काहीँ पागल पनि हुन सक्छ । तर मगज भन्नु नै पर्याप्त छैन । सामन्ती व्यवस्था अथवा पूँजीवादी व्यवस्थालाई टिकाउनेहरू पनि बुद्धिजीविहरू नै हुन् । अर्कातिर मार्क्स र लेनिन जस्तो बुद्धिजीविले सम्पूर्ण शोषित, पीडित मानव जातिको मुक्तिको बाटो देखाउने काम गरे । तसर्थ सन्तुलित मगजको जरुरत छ । बुद्धिजीविहरूले निःस्वार्थ पूर्ण तरिकाले देश र जनताप्रति बफादार भएर काम गरेको खण्डमा उनीहरूलाई ‘देशको मगज भन्न’ सकिन्छ । यसैकारण हाम्रो पार्टी र जनवादी राष्ट्रिय प्रजातान्त्रिक सरकारले बुद्धिजीविहरूको पनि उत्तिकै महतव दिएर कदर गर्दछ । हाम्रो देश निर्माणको निम्ति १० औं लाख बुद्धिजीविहरू, टेक्निसियनहरू, कुशल प्रबन्धकहरूको जरुरत छ । जनवादी राष्ट्रिय प्रजातान्त्रिक सरकारले यसै निम्ति देशका विभिन्न जातिहरू, जनजातिहरू, दलित जातिहरू र तराईबासी जनताहरू र विभिन्न धर्मावलम्बीहरू र वर्गहरूबाट लाखौं लाख बुद्धिजीविहरू र टेक्निसियनहरू पैदा गर्ने काम गर्नेछ र सर्वहारा वर्गको नेतृत्वमा मजदूर-मेहनतकश किसान र बुद्धिजीविहरूको एकताको आधारमा देशका मध्यम वर्ग, राष्ट्रिय पूँजीपतिवर्ग तथा देशभक्त सामन्तहरूसम्म सबै क्रान्तिकारी वर्गहरूसँग व्यापक संयुक्त मोर्चा बनाएर एक साभा कार्यक्रम तय गरी देश निर्माण कार्यमा अगाडि बढ्नेछ ।

यस दिशामा हाम्रो पार्टीले हर बखत ध्यान दिएर काम गर्नेछ ।

## नोकरी पेशाको सवालमा

नातावाद, कृपावाद र भ्रष्टाचारको उन्मूलन गरिनेछ । नोकरीको निम्ति कसैको खुट्टा समातेर चाकरी गर्नुपर्ने स्थिति खतम गरिनेछ । यसको निम्ति लोकसेवा आयोगलाई निष्पक्ष जाँच गरेर सुयोग्य उम्मेदवारलाई सुयोग्य काम दिलाउनेमा विशेष कडाईका साथ काम

गराइनेछ । लोक सेवा आयोगमा बसेर भ्रष्टाचार गर्नेहरू माथि कडाभन्दा कडा कारबाही गरिनेछ ।

मजदूरहरूले बिना खुसामद काम पाओस् भनेर सुकुमबासीहरू, गरिब किसानहरू र अन्य बेकारीमा परेको जनताको सूची राखिने छ, ताकि जसो जसो काम बढ्दै जान्छ सूचीअनुसार सबैले काम पाउँदै जाओस् ।

मजदूरहरूको ट्रेड युनियन अधिकार अक्षण्ण रहनेछ ।

नेपालको हर नागरिकले कुनै पनि पदमा निष्पक्ष ढङ्गले योग्यताअनुसार काम पाउने मात्र होइन, काम पाई सकेपछि अथाव पदमा नियुक्त भई सकेपछि उनीहरूलाई बिना कसुर मनपरी झिकेर निजको ठाउँमा आफ्नो मान्छे नियुक्त गर्ने परम्परा जो पञ्चायतले बसाएको छ र नेपाली कांग्रेस र एमालेले अनुकरण गरेको छ, सो नातावाद, कृपावाद, भ्रष्टाचार र भनसुन र पहुँचवाला प्रथा माथि कडाईका साथ प्रहार गरिने छ ।

नोकरी दिँदा नेपाली कांग्रेसकै समर्थकहरूलाई छानि काम दिने, वामपन्थी सरकार भए वामपन्थीलाई मात्र छानि नोकरी दिने पञ्चायती परम्परा पनि खारेज हुनु पर्छ र अधिकारको दुरूपयोग नीतिअन्तर्गत दण्डनीय हुनु पर्छ । कांग्रेसले कांग्रेसी करण गर्न एमाले र अरू वामपन्थी मन्त्रीले एमाले करण र वामपन्थी करण गर्ने प्रथा दण्डनीय हुनु पर्छ ।

कर्मचारी र अफिसरहरूको निम्ति पदमा बसुञ्जेल कुनै पार्टीको सरकार होस् कुनै मतलब रहनु हुन्न र उनीहरूको एक मात्र कर्तव्य हो सरकारको निर्णयलाई कुशलताका साथ कार्यान्वयन गर्नु ।

विभिन्न जनजातिहरू र तराईबासीहरूले पनि समान अवसर पाओस् भनेर उनीहरूको भाषालाई कठिनाई बुझेर भाषाको सवालमा सहुलियत र सुविधा दिनै पर्छ ।

सामन्ती शोषण-दमन व्यवस्थालाई तोडेर औद्योगिक विकास गरेर, शिक्षाको प्रचार गरेर नै जनजातिहरू, दलित जातिहरू र तराईका किसानहरूको आजको दुर्दशा खतम गरेर उनीहरूको जीवनस्तर तथा सांस्कृतिक स्तर माथि उठाउन सकिनेछ ।

नेपाली भाषा राष्ट्र भाषा बनेको छ । विभिन्न भाषाभाषीको निम्ति यो भाषा नेपाली नेपाली भाषा नै मातृ भाषा भएकाहरूले जस्तो शुद्ध र स्पष्ट बोल्न कठिन पर्छ । यस कुरोलाई ध्यानमा राखी नोकरी पेशाको परीक्षाका विभिन्न भाषाभाषीलाई सुविधा र सहुलियत हुनुपर्छ ताकि नोकरीमा सबैले समान सहुलियत पाउन सकुन् ।

## सामाजिक सुरक्षा

(१) मानिसले जवानीमा काम गरेर खान सक्छ तर बुढेसकालमा जिउने बाटो हुँदैन । तसर्थ नेपाल कम्युनिष्ट पार्टी (अमात्य) सम्पूर्ण जनताको निम्ति बुढेसकालको भत्ताको प्रबन्ध गर्ने र गराउने पक्षमा छ ।

(२) मानिस बिरामी हुन्छ, गाई-भैंसी, घडेरी बेचेर औषधि गराउन शहरमा आउँछन् । बिरामी निको नहुँदै पैसा सिद्धिन्छ । रोग लिएर घर फर्कन्छन् । यसैकारण हामी सम्पूर्ण जनताको निम्ति निःशुल्क इलाज र औषधि वितरण गर्नुपर्छ भन्ने पक्षमा छौं ।

(३) आज शिक्षा हुने खानेको लड्का लड्कीको निम्ति मात्र व्यवस्था छ । गरिबको छोरा छोरीले पढ्न पाउँदैनन् । तसर्थ कमसेसकम १२ क्लाससम्मको पढाइ मुफ्त र अनिवार्य हुनु पर्छ गरिबीले गर्दा पढ्न नसक्ने विद्यार्थीहरूले निम्ति किताब, कलम, खाना इत्यादीको प्रबन्ध गर्ने, गराउने पक्षमा छ ।

(४) महिलाहरूको निम्ति सुत्केरी भत्ताको प्रबन्ध गरिनेछ ।

(५) लुला, लङ्गडा, नाबालकहरू र बिरामी भएर काम गर्न नसक्नेहरूको निम्ति यथोचित मद्दत गरेर उनीहरूको विकासको निम्ति चाहिने सम्पूर्ण कदमहरू चालिनेछ ।

## परराष्ट्र नीति :

"बसुधैव कुटुमबकम" विश्वको सम्पूर्ण जनतानै हाम्रो दाजुभाई हुन् भन्ने नै हाम्रो विश्व दर्शन हो यसैकारण विशवको कुनै पनि जनताले दुःख र दरिद्रताको सामना गर्न नपरोस् भन्ने हाम्रो आकांक्षा हो । तर हरेक देशमा एकातिर मेहनतकश जनता छन् भने अर्कातिर उनीहरू माथि शोषण, दमन गरेर उनीहरूको जीवन बर्बाद गर्ने शोषक र अत्याचारीहरू पनि छन् । यी शोषक र अत्याचारीहरूको हामी विरोधी छौं । अमेरिकी साम्राज्यवाद आफ्नै देशको जनता माथि मात्र होइन विशवको सम्पूर्ण जनता माथि शोषण, दमन र षड्यन्त्र गर्ने महाशक्ति हुन् । हरेक देशमा यो महाशक्तिले जनतलाई उठ्न नदिने र त्यो देश र जनतामाथि निरन्तर शोषण, दमनलाई जारी राख्ने षड्यन्त्र चालु राखेकै छ र नेपालको कम्युनिष्ट आन्दोलन तहस नहस गर्नमा अमेरिकी साम्राज्यवादको कम हात छैन । पहिले पहिले अमेरिकी साम्राज्यवादले कम्युनिष्टहरू माथि लाठी, गोली, जेल नेलले दबाएर दमन गर्ने गर्थे भने आजकल यसले कतिपय कम्युनिष्टहरूलाई गुलियो चटाएर, कम्युनिष्टहरूलाई आपसमा मिल्न नदिएर कमजोर बनाउने षड्यन्त्रमा संलग्न छन् । कम्युनिष्टहरूमाथि एकले अर्का माथि झूठ प्रचार गराएर मनमुटाव पैदा गर्नु यसको अर्को हतियार हो । पूँजीवादी पार्टीहरू लगाएर पूरै कम्युनिष्टहरूको बदनाम गर्नु यसको तेश्रो चाल हो ।

साम्राज्यवादकै षड्यन्त्रले गर्दा पूर्वी यूरोपमा आज कम्युनिष्ट शासन एक पछि अर्को ढल्न गएको हो । साम्राज्यवादलाई ढोका खोलि दिँदा नै आज सोभियन संघको यो गति भएको हो र विश्वको प्रगतिशील खेमाको महाशक्तिबाट एक अशक्त मूकदर्शक हुन गएको हो र स्वयम् सोभियत संघ छिन्न भिन्न हालतमा पुग्न गएको हो ।

अमेरिकी साम्राज्यवादले मद्दतको नाउँमा हाम्रो देशलाई ऋणमा फसाउँदै गएको छ र विकासको नाउँमा हाम्रो देशमा सियो बनाउने कारखाना पनि दिएको छैन । उनीहरू हामीलाई मल खाद किन्न ऋण दिन्छन्, तर यस्तो मल खाद बनाउने कारखाना दिँदैनन् । नेपाली कांग्रेसको नेताहरूको भनाई छ देश विकासलाई विदेशी पूँजी चाहिन्छ । के साम्राज्यवादीहरू हाम्रो देशमा कुनै ठोस कारखाना खोल्नको निम्ति ऋण दिन तयार छ ? हाम्रो देशमा मल खाद, साईकल, कार, बस, ट्याक्टर मध्ये कुनै वस्तु बनाउने कारखाना खोल्न दिन तयार छ ? कुनै हालतमा पनि साना र घरेलु उद्योगहरू खोल्नलाई बाहेक कुनै ठूलठूला कारखाना खोल्न मद्दत दिन तयार छैन । यस्तो आशा नै गर्नु पर्दैन ।

अहिलेसम्म हाम्रो उद्योगहरू विकास गर्ने काममा सोभियत संघ जनवादी चीनले नै मद्दत गरेर आएका छन् । हाम्रो देशको चिनी, सिगरेट, कृषि औजार र रोजिन-टारपेन्टाइन कारखानाहरू सोभियत संघको देन हो भने, सिमेन्ट, हेटौंडा कपडा, छाला जुत्ता, ईट्टा टायल कारखानाहरू जनवादी चीनको देन हो ।

स्पष्टतः हाम्रो देशको औद्योगिक विकास कुनै हालतमा अमेरिकी साम्राज्यवाद तथा विश्व पूँजीवादको मद्दतले हुने छैन । हामी आफ्नो आर्थिक समाजवादी मुलुकहरूको मद्दतले नै गरेर लिन सक्ने छौं । टेक्नोलोजि पनि हामीले समाजवादी देशहरूबाट मात्र प्राप्त गर्न सक्नेछौं । यस बाहेक हामीले आफ्नो दिमाग लगाएर नयाँ नयाँ टेकनिक निकाल्नु परेको छ ।

यी सबै कुरोहरू माथि विचार गरेर नै हामीले आफ्नो परराष्ट्र नीति निर्धारण गर्नु परेको छ । हाम्रो देशलाई छिटो विकास गर्नु छ । जरुरत परेको बेलामा मद्दत गर्ने मित्र नै सच्चा मित्र हो । ऐन मौकामा धोखा दिने र ऋणमा फसाउँदै जानेहरू नकली मित्र हुन् ।

स्पष्टतः जहाँ हामी एकातिर तटस्थ परराष्ट्र नीतिको पैरबी गर्छौं, हामीले आफ्नो देश विकासको निम्ति समाजवादी मुलुकहरूसँग घनिष्ट मैत्रीपूर्ण सम्बन्धमा जोड दिन्छौं । भारतसँग पनि हामी आफ्नो औद्योगिक विकासको निम्ति सहयोगको आशा राख्दछौं र हामी भारत र जनवादी चीनसँग असल छिमेकीको रूपमा सम्बन्ध बढाउने पक्षमा छौं ।

हामी सम्पूर्ण शोषित, पीडित, पद, दलित राष्ट्रहरूको मुक्तिको पक्षमा छौं ।

अमेरिकाको सवालमा त्यहाँको मेहनतकश जनतासँग मैत्री चाहन्छौं भने अमेरिकी साम्राज्यवादी नीति र उनीहरूको विश्वव्यापी षड्यन्त्रको विरोधी छौं । नेपाल भित्र उनीहरूबाट भईराखेको नजाँनिदो तरिकाको हस्तक्षेप र षड्यन्त्रको विरोधी छौं । यदि यस्तो हरकत बन्द हुन्छ भने हामी अमेरिकासँग पनि उत्तिकै मित्रताको पक्षमा छौं । हाम्रो विरोध अमेरिका (देश) र त्यहाँको जनतासँग होइन, अमेरिकाको साम्राज्यवादी हरकतको विरोधमा हो ।

समाजवादी मुलुकहरूले आजसम्म यस्तो कुनै हरकत नेपाल माथि गरेको देखिँदैन, बरु निःस्वार्थ भावले मद्दत नै गरेर आएको छ । यही कारण हो समाजवादी मुलुकहरूसँग मित्रता बढाउने हाम्रो चाख बढेको ।

समाजवादी मुलुकहरूसँग घनिष्ठ मित्रता, भारतसँग असल छिमेकी र घनिष्ठ मित्रता, साम्राज्यवादी देशहरूबाट विश्वभरी भईरहेको षड्यन्त्र र हरकतको विरोध विश्व शान्ति र मैत्री हाम्रो परराष्ट्र नीतिको मूल शार हुनेछ ।

## प्रजातान्त्रिक आन्दोलनमा तृतीय महाधिवेशनको निर्देशन :

नेपालमा आज प्रजातान्त्रिक आन्दोलनको एक चरण सिद्धिएको छ । २०१७ सालपछि यस फौजी कार्यको विरोध गरी २०१९ साल बैशाख ४ गतेदेखि १५ गतेसम्म भएको नेपाल कम्युनिष्ट पार्टीको तृतीय महाधिवेशनद्वारा पारित गरेको राजनीतिक प्रस्तावले नेपालको स्थितिको अध्ययन गरी निम्न प्रस्ताव अगाडि बढाएका थिए ।

(क) राजाबाट सबै शक्ति जनतामा हस्तान्तरण होस् ।
(ख) सर्वशक्ति सम्पन्न सार्वभौम संसद्को स्थापना गरियोस् ।

२०१९ सालमा भएको तृतीय महाधिवेशनले यो महशुस गरेको थियो कि आजको नेपालमा समाजवाद सम्भव छैन । यसो भनेर आज नेपालमा पूँजीवादी प्रजातन्त्र स्थापना गर्नु पर्छ भन्ने पनि होइन । पूँजीवादी प्रजातन्त्र बितिसकेका जमानाको हो र यसले जनताको जीव्नमा कुनै खास परिवर्तन ल्याउन सक्ने छैन यसैकारण तृतीय महाधिवेशनले पूँजीवादी प्रजातन्त्रको सट्टा “राष्ट्रिय प्रजातन्त्र” स्थापना गर्ने निधो गरेको थियो र हाम्रो सोचाई हो राष्ट्रिय प्रजातन्त्र सामन्तहरूले सोचे जस्तो लबेदा-सुरुवाल, कालो टोपी, कालो कोट लगाएपछि “राष्ट्रिय” भयो भन्ने नभएर नेपालको सर्वहारा वर्गदेखि लिएर राष्ट्रिय पूँजीपतिसम्मको हीत रक्षा गर्ने र प्रबर्द्धन गर्ने खालको राष्ट्रियता हो र हाम्रो सोचाई हो । देशलाई सम्मुनत गरी विकसित देशहरूको दाँजोमा पुऱ्याउने र सम्पूर्ण जनताको जीवन उकास्ने खालको प्रजातन्त्र ।

तृतीय महाधिवेशनको सोचाई हो यदि नेपाल कम्युनिष्ट पार्टीले आफ्नो पहल कदमीमा सर्वहारा वर्गको नेतृत्वमा, मजदूर किसान एकताको आधारमा तमाम क्रान्तिकारी वर्गह, बुद्धिजीविहरू, मध्यम वर्ग, राष्ट्रिय पूँजीपति वर्ग तथा देशभक्त सामन्तहरूसम्मको व्यापक समयुक्त मोर्चा बनाएर प्रजातान्त्रिक आन्दोलनलाई अगाडि बढाएको खण्डमा यस आन्दोलनबाट स्थापना हुने प्रजातन्त्र पूँजीवादी प्रजातन्त्र नभएर राष्ट्रिय प्रजातन्त्र नै हुनेछ ।

यसैकारण तृतीय महाधिवेशनले संयुक्त मोर्चाको सवालमा एकातिर तमाम क्रान्तिकारी वर्गहरूको संयुक्त मोर्चामा जोड दिएको थियो भने अर्कातिर प्रजातान्त्रिक पार्टीहरू (नेपाली कांग्रेससहित) सँग पनि संयुक्त मोर्चामा जोड दिएको थियो ।

तृतीय महाधिवेशनले गणतन्त्र कि न-गणतन्त्र भन्ने कुरोमा अलमलिनु सट्टा सम्पूर्ण शक्ति जनतामा हस्तान्तरण गर्ने र जनताको प्रतिनिधित्व गर्ने संसद्मा सर्व शक्ति सम्पन्न सार्वभौम संसद् स्थापना गर्ने प्रस्ताव अगाडि बढाएका थिए र यसैलाई प्राप्त गर्ने संघर्षको दौरान पूँजीवादी प्रजातन्त्रको सट्टा 'जनवादी राष्ट्रिय प्रजातन्त्र' स्थापना गर्ने अठोट गरेको थियो ।

तर तृतीय महाधिवेशनको यो निर्णयलाई असफल पार्न एकातिर दक्षिणपन्थी खेमाले यस माथि हमला गरे भने अर्कातिर उग्र वामपन्थी धाराले हमला गरी पार्टीलाई विभिन्न टुक्रामा बाँट्ने काम भयो । तर उग्र वापमन्थीहरूद्वारा दिइएको सशस्त्र संघर्ष र गणतन्त्रको नारा भने व्यावहारमा आएन र आज झण्डै सबै जसो वामपन्थीहरूले संसदीय व्यवस्थामा, चाहे कुनै बहानामा होस् भाग लिने निर्णय गरेका छन् ।

यसले तृतीय महाधिवेशनले कुनै गलत निर्णय लिएको रहेनछ भन्ने कुरो स्पष्ट गरेको छ । बरु वहाँहरूले पार्टी फुटाई दिँदा आज हामीले पाएको प्रजातन्त्र 'जनवादी राष्ट्रिय प्रजातन्त्र' हुनु सट्टा "पूँजीवदी प्रजातन्त्र" मा सीमित हुन आएको छ । हाम्रो काम अधुरो रहन गएको छ । जनवादी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने कार्य बाँकी नै रह्यो ।

यदि कम्युनिष्टहरू एक भएर चुनाव लडेको खण्डमा निश्चित रूपले बहुमत कम्युनिष्टहरूकै हुने थियो । तर यो काम पनि हुन दिएन ।

हाम्रो अगाडि नेपाल कम्युनिष्ट पार्टीले पार्टीको तृतीय महाधिवेशनले दिएको जिम्मेवारी-नेपालमा 'जनवादी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने जिम्मेवारी पूरा गर्ने अभिभारा छँदैछ ।'

यसैकारण हामी आजको स्थितिमा मूल रूपले निम्न कुरोहरू पूरा गर्ने अठोट गरेका छौं ।

यो पूँजीवादी प्रजातन्त्रलाई “जनवादी राष्ट्रिय प्रजातन्त्र” मा परिवर्तन गर्ने, ताकि यो प्रजातन्त्र मुट्ठीभर हुने खाने सामन्तहरू र विदेशी पूँजीको भरमा काम गर्ने पूँजीवादी शक्ति वा पार्टीहरूको पेवा नहोस् ।

नेपाल जस्तो पिछडिएको देशमा एक खास वर्गको नेतृत्व चल्न सक्दैन र एउटै वर्गको शासन पनि चल्न सक्दैन । यसैकारण यहाँ एउटा पार्टी शासक पार्टी र अर्को कुनै पार्टी विरोधी पार्टीको रूपमा रहेर एक स्थायी शासन चल्न सक्दैन । बेलायतमा पूँजीवादको विकास भईसकेकोले यो कुरो सम्भव छ भने, अविकसित नेपालले बेलायतको अनुकरण गरेर हुँदैन ।

यसैकारण हामी जनता पक्षको, जनताको समस्या समाधान गर्ने खालको एउटा साझा कार्यक्रम अपनाएर यस कार्यक्रमको वरीपरी मिल्न सक्ने सबै पार्टीहरू वा समूहहरूसँग मिलेर संयुक्त मोर्चा बनाएर यस्तो संयुक्त मोर्चाको संयुक्त सरकार बनाउने पक्षमा छौं । यसरी नै नेपालको सम्पूर्ण जातिहरू र वर्गहरूको स्वार्थ वा हीतको प्रतिनिधित्व गर्ने सरकार बन्नेछ । हो अवश्य यसमा कम्युनिष्ट पार्टीले आफूलाई सशक्त र व्यापक बनाएर नै यो काम पूरा गर्न सक्नेछ ।

कम्युनिष्ट पार्टी भन्नाले कसैले हँसिया हठौडाको झण्डा राखी आफ्नो पार्टीको नाउँ ‘नेपाल कम्युनिष्ट पार्टी’ (इत्यादी) राख्दैमा ती सबै कम्युनिष्ट पार्टी भनेर मान्न सकिन्न । यस्ता सयकडौं नकली कम्युनिष्ट पार्टीहरू अमेरिका, जर्मनी जस्तो साम्राज्यवादी देशहरू र विदेशी एकाधिकार पूँजीवादी देशहरू र आफ्नै देशका प्रतिक्रियावादी शक्तिहरूले स्थापना गरेर जनतामा भ्रम फैलाउन सक्छन् ।

यसैकारण ती पार्टीहरूले खेलेको ऐतिहासिक भूमिका, उनीहरूको आर्थिक श्रोत नेतृत्वको वर्ग चरित्र, उनीहरूले लिएको सारा नीति माथि विचार पुऱ्याउनु पर्दछ र सबै तरिकाले जाँचेर कुन पार्टी कम्युनिष्ट हो वा होइन भन्ने ठहर गरेर यसलाई कम्युनिष्ट पार्टीको रूपमा मान्यता दिन आवश्यक छ ।

‘पूँजीवादी प्रजातन्त्र’ बहुसंख्यक जनताको प्रजातन्त्र नभएर अल्पसंख्यक धनी मानिस सामन्तहरू र पूँजीपतिहरूको राज हुन्छ र सम्पूर्ण जनता पिसिएको पिसिएकै रहन्छ । नेपालमा पूँजीवाद विकास नभई सकेको हुँदा यहाँ पूँजीवादी प्रजातन्त्र भन्नाले साम्राज्यवादी देशहरू र विदेशी एकाधिकार पूँजीद्वारा शोषित उत्पीडित राज्य नै बन्नेछ, जुन राज्यमा देश र जनताको स्वार्थ होइन साम्राज्यवादी देशहरू र विदेशी एकाधिकार पूँजीपतिहरूको स्वार्थ पूर्ति गर्ने काम नै भएर जानिन्छ र प्रजातन्त्रको पर्दा भित्र नेपाल अर्काको गुलाम हुन जानेछ ।

यसैकारण हाम्रो पहिलो राजनीतिक कार्य हुनेछ यो अधुरो पूँजीवादी प्रजातन्त्रलाई 'जनवादी राष्ट्रिय प्रजातन्त्रमा बदल्नु ।'

## स्वस्थ राजनीति

हामीले आफ्नो देश निर्माण गर्नुछ, यो पिछडिएको देशलाई विकसित देशको दाँजोमा पुऱ्याउनु परेको छ, हाम्रो देशको सम्पूर्ण जनताको जीवन सुखमय र सुनिश्चित गर्नु परेको छ । राजनीतिलाई सकुनीको जुवा बन्न नदेऔं । राजनीतिलाई पैसाको बलले नाच्ने कठपुतली नबनाऔं । राजनीतिलाई देश र जनजीवन उकास्ने साधन बनऔं, स्वस्थ राजनीतिको परम्परा बसालौं र नयाँ नेपालको निर्माण गरौं र हामीले दृढ संकल्प गरौं कि हामी सम्पूर्ण नेपाली एक जिउ एक प्राण भएर काम गरी छिटो भन्दा छिटो समुन्नत देशहरूको दाँजोमा पुगौं र सबै जनताको जीवन सुखी सम्पन्न र सुनिश्चित गरौं ।

*(दुर्गामान खड्गीबाट यो किताब सहयोग स्वरूप उपलब्ध गराइएको हो ।)*